“सुन्दरहरैंचा, सबैको मंच”

# सुन्दरहरैंचा नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय


विराटचौक, मोरङ

प्रदेश नं. १, मोरङ


# साप्ताहिक नगर कार्यक्रम

**मिति : २०७४/११/२६ देखि २०७४/१२/०२ सम्म सुन्दहरैंचा नगरपालिका भित्र भएका विभिन्न कार्यक्रम तथा निर्णयहरु**


प्रकाशन : **सुन्दरहरैंचा नगरपालिका**

नगरप्रमुखको सचिवालय



फोन नं. : ०२१-५४५८२२, ५४५०५० दमकल : ०२१, ५४६६६६

इमेल : sundarharaichamun.gov.np

वेवसाईट : http://www.sundarharaichamun.gov.np

“सुन्दरहरैँचा, विकासको बंगैचा”

# हाम्रो बारे

सुन्दरहरैँचा नगरपालिका कार्यालय सम्बन्धि तथ्यांक, अभिलेख, नगरक्षेत्र भित्र हुने विभिन्न कार्यक्रम तथा विविध सूचनाहरु एकीकृत गरी सार्वजनिक जानकारी गराउने उद्धेश्यले नगर साप्ताहिक जानकारी पुस्तिका तयार पारीएको हो । सुशासन तथा सूचनाको हक लगायतका विशेष ऐन नियमहरुबाट सबै सार्वजनिक निकायहरुले जनसरोकारका सूचनाहरु आम नागरिकहरुको पहुँचमा पुर्याउनु पर्ने गरी नेपाल सरकारले गरेको कानुनी व्यवस्था अनुरुप जनसरोकारका सार्वजनिक सूचनाहरु, कार्यक्रमहरु तथा विभिन्न निर्णयहरु पारदर्शी गराउने गहन जिम्मेवारी नगरपालिकामा रहेको छ । यसै जिम्मेवारीको निर्वाह गर्ने क्रममा नगरपालिकाको कार्यक्षेत्रमा रहेका विभिन्न एक साता भरी हुने कार्यक्रम तथा विभिन्न निर्णयहरुलाई सम्बन्धित सबैको जानकारीमा ल्याउने प्रयास यस पुस्तिकामा गरिएको छ ।

यस पुस्तिकामा रहेका जानकारीहरुले सार्ववजनिक निकायको विवरण सार्वजनिक गरि पारदर्शिता र उत्तरदायित्व वहन गर्ने दायित्व पुरा गर्ने पक्ष त छदैँछ साथै नगरपालिका र यस अन्र्तगतका पदाधिकारी र कर्मचारीहरुलाई सन्दर्भ सूचनाहरु उपलब्ध गराई कार्य सम्पादनमा सहजता ल्याउने उद्धेश्य राखिएको छ । साथै उपलब्ध सूचनाहरु नगरपालिकासँग सम्बद्ध आम नागरिक, जनप्रतिनिधि, सेवाग्राहि, विकासका साझेदारहरु र नगरपालिकाको विकास सम्बन्धि अध्ययन, अनुसन्धान र जानकारी राख्नेका लागि पनि उपयोगी हुने अपेक्षा राखिएको छ ।

"सुन्दरहरैंचा, विकासको बंगैचा"

# नगरपालिकाको नाम ः सुन्दरहरैंचा नगरपालिका

समावेश भएका साविक नगरपालिकाहरु ः कोशीहरैंचा र सुन्दरदुलारी न.पा

जनसंख्या ः ८०५६२

क्षेत्रफल ः ११०.१६ वर्ग किलोमिटर

केन्द्र ः साविक कोशीहरैंचा नगरपालिकाको कार्यालय

वडा संख्या ः १२

सीमाना ः

पूर्व ः बेलबारी न.पा पश्चिम ः सुनसरी जिल्ला

उत्तर ः केरावारी गा.पा दक्षिण ः ग्रामथाम, बुढीगंगा गा.पा

## वडा विभाजन

| वडा नं. | समावेश भएका साविक न.पा | साविक वडा नं. | केन्द्र | घरधूरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|
| १ | कोशीहरैंचा (हरैंचा) | १३,१४,१५ | साविक हरैंचा गा.वि.स को कार्यालय | १५७१ | ६४८४ |
| २ | कोशीहरैंचा (मृगौलिया) | ८,१०,११ | साविक मृगौलिया गा.वि.स को कार्यालय | १६६६ | ६२५५ |
| ३ | सुन्दरदुलारी (दुलारी) | ८,९ | लक्ष्मिनारायण मन्दिरको सभाहल | १२९१ | ५७४९ |
| ४ | सुन्दरदुलारी (दुलारी) | १०,११ | साविक सुन्दरदुलारी न.पा को कार्यालय | १४४९ | ६२८४ |
| ५ | सुन्दरदुलारी (सुन्दरपुर) | ५,६ | तिनपैनी | १४४२ | ६२५५ |
| ६ | सुन्दरदुलारी (सुन्दरपुर) | ३,४,७ | साविक सुन्दरपुर गा.वि.स कार्यालय | १७४२ | ७५४० |
| ७ | सुन्दरदुलारी (सुन्दरपुर) | १,२ | ठढिया चौक | १५८४ | ७०११ |
| ८ | कोशीहरैंचा (मृगौलिया) | ९,१२ | सलकपुर चिरम स्मृती प्रतिष्ठान | १३३८ | ५२३८ |
| ९ | कोशीहरैंचा (ईन्द्रपुर) | २,३ | बुधबारे बजार क्षेत्र | १८१० | ८०२६ |
| १० | कोशीहरैंचा (ईन्द्रपुर) | १ | हातेमालो सहकारी स्थीत खोर्सानेमा | १९४१ | ९१२९ |
| ११ | कोशीहरैंचा (ईन्द्रपुर) | ५,६,७ | कर्जुना | १९८० | ७१४७ |
| १२ | कोशीहरैंचा (ईन्द्रपुर) | ४ | साविक कोशीहरैंचा न.पा कार्यालय | ११९१ | ५४४४ |
| जम्मा | | | | १९००५ | ८०५६२ |

“सुन्दरहरैंचा, विकासको बंगैचा”

# मिति : २०७४/११/२६ देखि २०७४/१२/०२ सम्म सुन्दहरैंचा नगरपालिका भित्र भएका विभिन्न कार्यक्रम तथा निर्णयहरु ।

| सि.न | कार्यक्रम | मिति | स्थान | सरोकारवाला |
|---|---|---|---|---|
| १. | सुन्दरहरैंचा नगरपालिकाको वडा नं. ५ मा हिन्दु धर्म अनुसार दाहा संस्कार गर्ने घाट निर्माण गर्नका लागि रू १५ लाख बजेट विनियोजन गरेकोमा उक्त घाटको उद्घाटन गरीएको । | २०७४□११□२६ | सुन्दरहरैंचा वडा नं. ५ बुढीखोला पूर्व तटमा | नगरप्रमुखज्यूको प्रमुख आतिथ्यतामा सम्बन्धित वडाका वडाध्यक्ष तथा अन्य महानुभावहरूको उपस्थिती रहेको । |
| २. | सुन्दरहरैंचा नगरपालिकाले ओगटेको वन क्षेत्रको स्थलगत अनुगमन गरीएको । | २०७४□११□२९ | सुन्दरहरैंचा नगरपालिकाको वडा नं. ३,५,६,७,८ | नगरप्रमुख, उपप्रमुख, वडाध्यक्ष, सेक्टर वन कार्यालय सलकपुरका प्रमुख, ईलाका प्रहरी कार्यालयका प्रमुख, सम्बन्धित वडाका सरोकारवाला व्यक्तिहरू तथा नगरपालिकाका प्राविधिक कर्मचारीहरू । |
| ३. | मिति २०७४ साल श्रावण २७ गते आएको बाढीले गछिया खोला, लोहन्द्रा खोला र बुढी खोलाले कटान गरेको क्षेत्रको स्थलगत अनुगमन गरी पुन: क्षति हुन बाट बचाउन के गर्न सकिन्छ भन्ने बिषयमा स्थलगत छलफल गरीएको । | २०७४□११□२९ | सुन्दरहरैंचा नगरपालिकाको वडा नं. ३,५,६,७,८ | नगरप्रमुख, उपप्रमुख, वडाध्यक्ष, सेक्टर वन कार्यालय सलकपुरका प्रमुख, ईलाका प्रहरी कार्यालयका प्रमुख, सम्बन्धित वडाका सरोकारवाला व्यक्तिहरू तथा नगरपालिकाका प्राविधिक कर्मचारीहरू । |
| ४. | सुन्दरहरैंचा नगरपालिकाको १० औं कार्यपालिकाको बैठक राखि विभिन्न निर्णय तथा कार्यक्रमहरू पेश भएको । | २०७४□११□२९ | हसिना बैठक कक्ष, सुन्दरहरैंचा नगरपालिका कार्यालय । | सम्पूर्ण कार्यपालिका सदस्यहरू |
| ५. | सुन्दरहरैंचा नगरपालिकाको आयोजना तथा एकता मिडिया प्रा.लि. रेडियो सुसेलीको सहजिकरणमा आ.ब २०७४□०७५ को दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको । | २०७४□११□३० | मंगल स्मृती प्रतिष्ठान, कालीखोला इन्द्रपुर जेसीज भवन | सम्पूण जनप्रतिनिधि तथा विभिन्न संघ सस्था गरी करिव २०० जना नगरवासी हरूको उपस्थिती रहेको । |
| ६. | कृषि तथा पशु शाखाले व्यवसायिक पशुपालन कार्यक्रम, हिउँदे घास खेती कार्यक्रम, युवा स्वरोजगार कार्यक्रमको प्रस्ताव आह्वानको सूचना प्रकाशन गरेको । | २०७४□१२□०१ | सुन्दरहरैंचा नगरपालिका | सबै सुन्दरहरैंचाका किसानहरूका लागि । |

| | | | | |
|---|---|---|---|---|
| ६. | वडा नं. २ मा उपभोक्ता समितिलाई अनुशिक्षण तालिम कार्यक्रम | २०७४□१२□०२ | २ नं. वडा कार्यालय | नगरपालिकाका प्राविधिक कर्मचारीहरूले प्रशिक्षण दिएको । |
| ७. | सुन्दरहरैंचा नगरपालिकाको वडा नं. १० मा महिला बुटिक तालिम सम्पन्न भएको । | २०७४□१२□०२ | १० नं. वडा कार्यालय | जागृती महिला समूहको सहजीकरणमा । |




**आ.व. २०७४/०७५ को दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रममा क्रमश प्रमुख प्रशासकीय अधिकृत जिवनप्रसाद आचार्य, नगरप्रमुख शिवप्रसाद ढकाल र नगर उपप्रमुख धनमाया तामाङ ।**

# “सुन्दरहरैंचा, विकासको बगैंचा”




<u>सार्वजनिक सुनुवाईमा उपस्थित सुन्दरहरैंचा नगरपालिकाका वडाध्यक्षज्यूहरु</u>





सार्वजनिक सुनुवाईमा गुनासो राख्दै नगरवासी ।

“सुन्दरहरैँचा, विकासको बगैंचा”







खोला तथा वन क्षेत्रको अनुगमन गर्दै ।

“सुन्दरहरैँचा, विकासको बंगैचा“



सुन्दरहरैँचा नगरपालिका वडा नं. ३ मा निर्माणधिन गछिया प्रहरी चौकी ।